# गण्डकी गाउँपालिका
# Gandaki Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
भुम्लीचोक, गोरखा
Bhumlichok, Gorkha

पत्र संख्या(Reference No): ०७७/७८

चलानी नं.(Dispatch No): १६४०

गण्डकी प्रदेश, नेपाल

मिति(Date): २०७७/११/०७

**आ.व. २०७८/७९ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धि सूचना !**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आर्थीक वर्ष २०७८/७९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने इच्छुक १८-५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिले आफु स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धीत वडा कार्यालयमा **मिति २०७७ फागुन मसान्तभित्रमा** बरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्वन्धीत **वडा कार्यालय, रोजगार सेवा केन्द्र,** गण्डकी गाउँपालिका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट **www.pmep.gov.np** वा गण्डकी गाउँपालिकाको वेबसाइट **gandakimun.gov.np** बाट निशुल्क प्राप्त गर्न सकिने छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुर्याउने भएकोले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ, साथै सूचीकरणको लागि निवेदन दिदा निवेदक र निजका परिवारको यथार्थ र निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन अनुरोध गरिन्छ ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु :**

१) निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२) निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो ।

३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नं., जारी मिति तथा जिल्ला ।

४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था (स्वदेश/ विदेश/ स्वरोजगार) ।

५) स्थायी वसोवास खुल्ने आवश्यक कागजातको प्रतिलिपि: (नागरिकता प्रमाण पत्र, अन्यत्रबाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि) ।

६) कुल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदातावाट कुनै सहायता या आम्दानी लिएको नलिएको विवरण ।

७) यदी निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण ।

देश .......................................... पासपोर्ट नं. .....................................

८) निवेदकले सिकेको सिपको विवरण

९) निवेदनमा उल्लेखीत सम्पुर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भइ वडा समितिवाट स्वीकृत भएको निवेदन मात्र सूचिकृत गरिने छ ।

१०) निवेदक चालु आ.व. २०७७/७८ को सूचिकृत बेरोजगार हो भने लाभग्राही परिचयपत्र नम्बर अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

**थप जानकारीको लागि सम्बन्धीत वडा कार्यालय तथा रोजगार सेवा केन्द, गण्डकी गाउँपालिका, गोरखामा ९८५११८४५०१ वा ९८१४२४३४३५ मा सम्पर्क गर्न सकिने छ ।**

पुरण गुरुङ

प्रमुख प्रशासकीय अधिकृत

पुरण गुरुङ

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner